# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, मंसिर १८ गते २०६३ साल (संख्या ३१

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्‌संग आवद्ध आनन्द फाउण्डेशन नेपालका लागि दातृ संस्था Nepal Australia Friendship Association, Australia बाट उपहार स्वरुप प्रदान गरिने अष्ट्रेलियन डलर १५६९.०० (एक हजार पाँच सय उनानसत्तरी) मूल्य बराबरको ऊनी कपडाहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी मानव विकास तथा सामुदायिक सेवा संस्थाले Parish of Kilconriola and Ballyclub, Northern Ireland (UK) बाट लमजुङ्ग जिल्ला सामुदायिक अस्पतालको लागि उपहार स्वरुप प्रदान गरिने स्ट्रलिङ्ग पाउण्ड ८१४५.८३ (आठ हजार एक सय पैंतालीस सिलिङ्ग त्रियासी) मूल्य बराबरको अपाङ्गहरूको लागि प्रयोग हुने चिकित्सा सामाग्रीहरू आयात गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र, टेकु, काठमाण्डौलाई Global Fund बाट हस्तान्तरण हुने अमेरिकी डलर २२,५९३.०४ (बाईस हजार पाँच सय त्रियानब्बे सेन्ट चार) मूल्य बराबरको एक थान Toyota Landcruser PRADO मोटर हस्तानन्तरण गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ अन्तर्गत समूह–११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी खोरङ्गा हाइड्रोपावर प्रा. लि., नयाँ बानेश्वर, काठमाडौंले आयात गर्ने Hydropower Generating Mechanical Equipment with Complete Accessories 1 Lot मा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३



६५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक राजस्व विभाग वा अन्तर्गत सबै कार्यालय (ठूला करदाता कार्यालय सहित) हरुमा प्रयोगको लागि Electronic Cash Register, Fiscal Printer र Point of Sale Cash Machine आयात गर्दा भन्सार बिन्दुमा लाग्ने सबै कर तथा शुल्कहरु छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी मुस्ताङ जिल्लाको भाङ्ग गा.वि.स. स्थित नर्साङ्ग गुम्बाको जिर्णोद्धारको लागि टिम्बर कर्पोरेशन अफ नेपालबाट खरिद गर्ने ६५ (पैसट्ठी) क्यूबिक फिट चिरान काठमा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाण्डौंको लागि Rotary Australia, Eastern Region D.I.K. Australia बाट उपहार स्वरुप प्रदान गरिने अष्ट्रेलियन डलर ६,६२२.०० (छ हजार छ सय बाईस) मूल्य बराबरको Electric Equipment and Accessories तथा देहाय बमोजिमको मूल्य बराबरको Medicine equipments आयात गर्दा एक प्रतिशत भन्सार महसूल असुल गरि बाँकी भन्सार महसूल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६

तपसिल

| क्र.सं. | सामानको नाम | मूल्य |
|---|---|---|
| १ | Oxygenator and Hemoconcentrator | $1,33,880/- |
| २ | Custom pack and Tubing | $90,580/- |
| ३ | Cathlab parts | $2307/92 |

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौंमा मुद्रित । मूल्य रु. ५।–
मो.हु.द.नं. १६।०६२।६३।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।